# मुसिकोट राजपत्र

मुसिकोट नगरपालिका द्वारा प्रकाशित

खण्ड ७) मुसिकोट,गुल्मी,चैत ३० गते,२०८० साल (संख्याः१४

# भाग-२

## मुसिकोट नगरपालिका,गुल्मी

### मुसिकोट नगरपालिकाको स्थानीय बालअधिकार समिति गठन तथा सञ्चालन सम्बन्धी कार्यविधि, २०८०

प्रदेश नं. ५ अन्तर्गतका गाउँसभा र नगरसभाको कानुन निर्माण प्रक्रिया सम्बन्धि ऐन,२०७५ को दफा ३(१) बमोजिम मुसिकोट नगरपालिका नगरकार्यापालिकाले बनाएको देहाय बमोजिमको कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा १०२ को उपदफा ३ बमोजिम सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

# मुसिकोट नगरपालिकाको स्थानीय बालअधिकार समिति गठन तथा सञ्चालन सम्बन्धी कार्यविधि, २०८०/८१

प्रस्तावना

बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ६० को उपदफा ३ र लुम्बिनी प्रदेश सरकारको प्रदेश बालबालिका सम्बन्धी ऐन, २०७६ को दफा ४४ बमोजिम बाल अधिकारको संरक्षण र सम्बर्द्धनका लागी वान्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को अधिकार प्रयोग गरी मुसिकोट नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७६ को दफा ४ बमोजिम मुसिकोट नगरपालिकाले यो कार्यविधि बनाई लागु गरेको छ ।

## परिच्छेद – १

१. संक्षिप्त नाम र प्रारम्भ:

उपदफा १. यस कार्यविधिको नाम " मुसिकोट नगरपालिकाको स्थानीय बालअधिकार समिति गठन तथा सञ्चालन सम्बन्धी कार्यविधी, २०८०/८१" रहेको ।

उपदफा २. यो कार्यविधि राजपत्रमा प्रकाशन भएपछि प्रारम्भ हुनेछ ।

२. परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) "ऐन" भन्नाले बालबालिका सम्बन्धी ऐन, २०७५ सम्झनु पर्दछ ।

ख) "मन्त्रालय" भन्नाले नेपाल सरकारले बालबालिका सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनु पर्दछ ।

ग) "प्रदेश मन्त्रालय" भन्नाले लुम्बिनी प्रदेशको सामाजिक विकास मन्त्रालय सम्झनु पर्दछ ।

घ) "प्रदेश समिति" भन्नाले बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ६० को उपदफा (१) बमोजिमको प्रदेश बाल अधिकार समिति सम्झनु पर्दछ ।

ङ) "नगरपालिका" भन्नाले मुसिकोट नगरपालिका सम्झनु पर्दछ ।

च) "बाल कल्याण अधिकारी" भन्नाले बालबालिबा सम्बन्धी ऐन, २०७५ को दफा ६१ बमोजिम नियूक्ति भएको वा तोकिएको अधिकारी सम्झनु पर्दछ ।

छ) "समिति" भन्नाले बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ६० को उपदफा २ तथा कार्यविधिको दफा ३ तथा ५ बमोजिमको स्थानीय बालअधिकार समिति सम्झनु पर्दछ ।

ज) "स्थानीय बाल अधिकार समिति" भन्नाले नगर बाल अधिकार समिति र वडा बाल अधिकार समिति सम्झनु पर्दछ ।

परिच्छेद – २

३. नगर बाल अधिकार समितिको गठन :

बालबालिकाको अधिकार तथा हकहितको संरक्षण र सम्वर्द्धन गर्न नगरपालिकामा देहाय बमोजिमको नगर स्तरीय बाल अधिकार समिति रहनेछ ।

क)नगर उपप्रमुख - अध्यक्ष

ख) नगर प्रमुखले तोकेको कार्यपालिका महिला सदस्य १ जना - सदस्य

ग) शिक्षा शाखा प्रमुख - सदस्य

घ)स्वास्थ्यशाखाप्रमुख - सदस्य

ङ) प्रमुखले तोकेको सामाजिक विकास समितिको पदाधिकारी - सदस्य

च) नगरभित्रकोप्रहरी कार्यलय प्रमुख - सदस्य

छ) पत्रकार महासंघ गुल्मी शाखाले तोकी पठाएका नगर क्षेत्रको पत्रकार महासंघको प्रतिनिधि - सदस्य

ज) नगर स्तरीय बाल क्लबका अध्यक्ष सहित बालिका १ जना
- सदस्य

झ) बाल अधिकार क्षेत्रमा क्रियाशील गैर सरकारी संस्थाको प्रतिनीधि गर्ने १ जना - सदस्य

मुसिकोट राजपत्र

ञ) महिला तथा बालबालिका शाखा हेर्ने शाखा प्रमुख - सदस्य सचिव

नगर बाल अधिकार समितिले आवश्यकता अनुसार अन्य व्यक्तिहरुलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।
समितिमा मनोनित सदस्यहरुको पदावधि चार वर्षको हुनेछ र निजहरु पुननियुक्तिका लागी ग्राह्य हुनेछ्न् ।

४. नगर बालअधिकार समितिको काम, कर्तव्य र अधिकार
दफा ३ बमोजिम गठन हुने नगर बालअधिकार समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

क) समितिको दिर्घकालिन नीति, योजना र वार्षिक कार्यक्रम तथा बजेट तर्जुमा गर्ने,

ख) बालबालिकाको अधिकारको सम्मान, संरक्षण, प्रवर्धन र परिपूर्तिको लागी आवश्यक स्थानीय नीति,

ग) कानुन योजना, कार्यक्रम र संस्थागत संयन्त्रको व्यवस्था गर्ने,

घ) नगरपालिकामा संञ्चालित बालबालिका सम्बन्धी कार्यक्रमको अनुगमन मूल्याङ्कन तथा समीक्षा गरी सुझाव दिने,

ङ) कार्यक्रम कार्यान्वयनका लागी नेपाल सरकार प्रदेश सरकार अन्य स्थानीय तह, अन्य सरोकारवाला निकायहरुसँग समन्वय तथा सहकार्य गर्ने,

च) बालअधिकार संरक्षण तथा प्रवर्धन गर्ने सम्बन्धमा सरोकारवालाको क्षमता अभिवृद्धि गर्ने/गराउने,

छ ) नगर भित्र तथा विद्यालयहरुमा बाल क्लबहरु गठन गरी संचालन गर्ने,

मुसिकोट राजपत्र

ज) नगरपालिका भित्र हुन सक्ने बालविवाह, बालश्रम, बालबालिका माथि हुने हिंसा तथा यौनदुर्व्यवहार जस्ता अपराधिक गतिविधिलाई नियन्त्रण गर्ने/गराउने,

झ) स्थानीय तहमा रहेका संस्थाहरुलाई बालबालिकाको हकहितका लागी काम गर्न सक्रिय बनाउने,

ञ) राष्ट्रले हरेक बर्ष मनाउदै आएको बाल दिवस (भदौ-२९) मनाउने,

ट) विशेष संरक्षणको आवश्यकता भएका तथा अनाथ बालबालिकालाई धर्मपुत्र धर्मपुत्री लिने दिने कार्यलाई व्यवस्थित गर्न सहजीकरण गर्ने,

ठ) बालबालिका सम्बन्धी स्थानीय तथ्याङ्क/ विवरण संकलन, अभिलेखीकरण तथा सुचना प्रणालीको विकास, सञ्चालन, व्यवस्थापन र सुदृढीकरणमा सहयोग गर्ने,

ड) नगरपालिका भित्र सञ्चालित बालगृह बालसुधार गृह, अस्थायी संरक्षण सेवा केन्द्र, पुर्नस्थापनाकेन्द्र तथा सामाजिकीकरण केन्द्रलाई सुधारका लागी निर्देशन दिने,

ढ) लुम्बिनी प्रदेशले बालअधिकारका सम्बन्धमा तोकेका अन्य कामहरु गर्ने/गराउने ।

परिच्छेद -३

५. वडा बाल अधिकार समिति गठन:

नगरपालिकामा रहेका प्रत्येक वडाभित्र देहाय बमोजिमको वडा बाल अधिकार समिति रहनेछ:

मुसिकोट राजपत्र

क) वडाअध्यक्ष वा अध्यक्षले तोकेको वडा समितिको सदस्य - अध्यक्ष

ख) वडा अध्यक्षले तोकेको वडा महिला सदस्य १ जना - सदस्य

ग) वडाभित्रको स्वास्थ्य संस्था प्रमुख/ प्रतिनिधि - सदस्य

घ) वडाभित्रका सामुदायिक वा संस्थागत विद्यालयहरु मध्येबाट वडा अध्यक्षले तोकेको एकजना प्रध्यानाध्यापक - सदस्य

ङ) बालबालिकाको क्षेत्रमा क्रियाशील वडाभित्रका गैर सरकारी संस्थामध्ये बाट वडा अध्यक्षले तोकेको व्यक्ति - सदस्य

च) वडा बाल क्लबको अध्यक्ष - सदस्य

छ) वडा बाल क्लबले मनोनयन गरेको २ जना बालक/बालिका - सदस्य

ज) वडा सचिव वा निजले तोकेको व्यक्ति - सदस्य सचिव

६. वडा बालअधिकार समितिको काम, कर्तव्य र अधिकार:

क) बालअधिकारको क्षेत्रमा स्थानीय आवश्यकता पहिचान, योजना तर्जुमा गर्ने र कार्यक्रम कार्यन्वयन गर्ने, गराउने |

ख) वडाभित्र विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको तथ्याङ्क संकलन, अद्यावधिक गर्ने र नगर बाल अधिकार समिति समक्ष पडाउने ।

ग) वडा भित्र बालबालिकाहरुका क्षेत्रमा कार्यरत संघ-संस्था, बालक्लब लगायतका सरोकारवालाबिच आवश्यक समन्वय र सहकार्य गरी बाल अधिकार सम्बन्धी संरक्षणात्मक र प्रवर्द्धनात्मक कार्यहरु गर्ने, गराउने ।

घ) वडाभित्र बालबालिकाका सम्बन्धमा भएगरेका कार्यक्रमहरुको अनुगमन गर्ने, प्रतिवेदन तयार गर्ने र नगर बालअधिकार समिति समक्ष पठाउने,

ङ) जोखिममा परेका बालबालिकाहरुको तत्काल उद्धारका लागी स्थानीय बाल अधिकार समिति र सम्बन्धित निकायसँग समन्वय गर्ने,

च) आवश्यकता अनुसार बालबालिकाहरुको निमित्त आकस्मिक कोषको व्यवस्था मिलाउने,

छ) नगर बालअधिकार समितिले तोकेका अन्य कामहरु गर्ने/ गराउने ।

७. नगर/ वडा बाल अधिकार समितिको बैठक सम्बन्धी कार्यविधि :

नगर बालअधिकार समितिको वडा बालअधिकार समितिको बैठक सम्बन्धी कार्यविधि देहाय बमोजिम निर्धारण गरिएको छ -

क) समितिको बैठक कम्तिमा वर्षको चारपटक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ,

ख) अध्यक्षको निर्देशनमा समितिको बैठक सदस्य सचिवले बोलाउनेछ,

ग) सदस्य सचिवले समितिको बैठक वस्ने सुचना र बैठकमा छलफल हुने विषयहरुको सुची सहित दुईदिन अगाडि समितिका सदस्यहरुलाई उपलब्ध गराउनुपर्नेछ ,

घ) समितिमा तत्काल कायम रहेका सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्य उपस्थित भएमा समितिको बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ,

मुसिकोट राजपत्र

ङ) समितिको बैठकको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा उपस्थित सदस्यहरुले आफुमध्येवाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ ,

च) बैठकमा उपस्थित सदस्यहरुको बहुमतको निर्णय मान्य हुनेछ| मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णयक मत दिन सक्नेछ ,

छ) समितिको बैठकको निर्णय समितिको अध्यक्षद्बारा प्रमाणित हुनेछ ,

ज) समितिको बैठक तथा सञ्चालन खर्च नगरपालिकाको नियमानुसार हुनेछ ,

झ) बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ,

ञ) समितिको बैठकमा आवश्यकता अनुसार विषयसँग सम्बन्धित व्यक्तिहरुलाई आमन्त्रण गर्न सकिनेछ ।

८. उपसमिति वा कार्यटोली गठन गर्न सक्ने

१) स्थानीय समितिले आफुले गर्नुपर्ने कुनै काम सुचारु रुपले सञ्चालन गर्नका लागी आवश्यता अनुसार उपसमिति वा कार्यटोली गठन गरी परिचालन गर्न सक्नेछ ।

२) उपदफा १ बमोजिम गठन हुने उपसमिति वा कार्यटोलीको काम, कर्तव्य र अधिकार कार्यप्रकृति अनुसार काममा खटिए वा काम गरेवापत टोली वा सदस्यले पाउने भत्ता वा पारिश्रमिक वा सेवा सुविधा तथा अन्य कार्यविधि नगरपालिकाको प्रचलित नियमानुसार समितिले तोकी दिए बमोजिम हुनेछ ।

प्रमाणिकरण मिति
२०८०।१२।२५

आज्ञाले,
विनोद कुवंर
प्रशासकीय अधिकृत

मूल्यरू १०

मुसिकोट राजपत्र